**बैठक नं. १२** **(बैठक संख्या ७०)**

आज मिति २०८२/०१/०४ गते बिहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री बिष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | अनुपस्थित |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | अनुपस्थित |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत छैटौं | श्री विमला गैहे | |
| १६. | का. स. | श्री सम्झना कार्की | सम्झना |
| | | | |
| | | | |
| | | | |

बैठक नं. १२ (बैठक संख्या ७०)

निर्णय नं १

**प्राप्त पत्र बारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमा:** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो।

निर्णय नं. २

**आ.व. २०८२/०८३ को लागि लुम्बिनी प्रदेश सरकार समक्ष पेश गर्ने विशेष र समपुरक अनुदान तर्फका आयोजना/कार्यक्रमहरुका सम्बन्धमा:**

आ.व. २०८२/०८३ को लागि तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरु प्रदेश समपूरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत लुम्बिनी प्रदेश सरकार समक्ष माग गर्ने निर्णय गरियो।

समपुरक अनुदान तर्फ

१. पन्टार, सोर्लेक, खोलाखेत, मस्ल्याङ, पिपर्दी, सुरुमडाँडा, ओमभञ्ज्याङ मो.बा. स्तरोन्नति योजना, रम्भा-१ र २

२. रम्भादेवी- रिमिघा पर्यटन प्रवर्द्धन, रम्भा- ५, २ र ३

विशेष अनुदान तर्फ

१. बोझा अमिलि खानेपानी निर्माण, रम्भा-१

२. बगनास्डी, गाहाटोल, कुप्रिडाँडा, वि.क. टोल खानेपानी निर्माण, रम्भा- ३

निर्णय नं ३

**विद्युत लाइन व्यवस्थापन गर्ने सम्बन्धमा:** रम्भा गाउँपालिका ५ नं वडामा अवस्थित फुरुङ्दी लिफ्टिङ खानेपानी आयोजना संचालनार्थ विद्युत लाइन विस्तारको लागि नेपाल विद्युत प्राधिकरण पाल्पा वितरण केन्द्रद्वारा तयार गरिएको लागत अनुमानको रु १०,००,०००।- (अक्षेरेपि दश लाख रुपैया मात्र) बार्षिक स्वीकृत कार्यक्रम लागत साझेदारी शिर्षकबाट गाउँपालिकाको कार्यालयबाट व्यहोर्ने प्रतिवद्धता व्यक्त गर्दै लागत अनुमान बमोजिमको आवश्यक प्रक्रिया अघि बढाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने।

निर्णय नं ४

आर्थिक सहयोग:

क) तपसिल बमोजिमको उद्देश्यले गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमका संस्थाहरुलाइ तपसिल बमोजिमको सहायता रकम तपसिल बमोजिमका खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | संस्थाको नाम ठेगाना | उद्देश्य | सहायता रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | नेपाल उत्पीडित जातीय मुक्ति समाज जिल्ला कमिटी पाल्पा | जिल्ला सम्मेलनको लागि | रु १०,०००। | छुटपुट चालु खर्च शिर्षक |
| २ | शिवालय मन्दिर रम्भा गाउँपालिका ३ पिपलडाँडा पाल्पा | शिव पुराण महायज्ञ संचालनार्थ | रु १५,०००। | छुटपुट चालु खर्च शिर्षक |
| ३ | रिमिघा क्षेत्र पर्यटकीय पूर्वाधार विकास उपभोक्ता समिति रम्भा २ | नव वर्ष,२०८२को शुभकामना आदान प्रदान तथा सांस्कृतिक कार्यक्रम २०८२ संचालन | रु १५,०००। | छुटपुट चालु खर्च शिर्षक |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | किसान युवा क्लव रम्भा ५ | बार्षिक उत्सव तथा भलिबल खेल संचालन | रु १५,०००। | छुटपुट चालु खर्च शिर्षक |
| ५ | लियो क्लव अफ पाल्पा LMC | लियो क्लव अफ पाल्पा को आयोजना तथा रम्भा गाउँपालिकाको समन्वयमा संचालित निशुल्क स्वास्थ्य शिविरमा खाजा तथा खाना व्यवस्थापन | रु २७,३१० | छुटपुट चालु खर्च शिर्षक |
| ६ | राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपाल,जिल्ला कार्यसमिति,पाल्पा। | चौथो जिल्ला अधिवेशन सम्पन्नको लागि | रु ७,०००। | छुटपुट चालु खर्च शिर्षक |

ख) यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | विषय | सहायता रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | जोतिसरा गाहा रम्भा ४ | २०८१/०८/१६ | नाबालक नाति नातिनीको संरक्षण तथा हेरचाहको लागि | १०००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | बिष्णु प्रसाद खनाल रम्भा १ | २०८२/०१/०४ | दम रोगको विरामी भएको र आर्थिक अवस्था कमजोर भएको हुदाँ उपचारमा समस्या भएको | १०००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ३ | इन्द्र बहादुर सिंजाली रम्भा ५ | २०८०/०७/०६ | बर्षातको समयमा गोठमा क्षति | ७५०० | प्रकोप व्यवस्थापन कोष |
| ४ | बुद्धिमान गाहा रम्भा ५ | २०८१/०७/०६ | बर्षातको समयमा घर पूर्ण रुपमा क्षति | १५००० | प्रकोप व्यवस्थापन कोष |
| ५ | शान्ति वि.क. रम्भा १ | २०८१/१०/२८ | आर्थिक अवस्था कमजोर भएको हुदाँ स्वास्थ्य उपचारको लागि | १५००० | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ६ | मिन माया सिंजाली रम्भा ५ | २०८१/०७/०६ | बर्षातको समयमा गोठमा क्षति | ७५०० | प्रकोप व्यवस्थापन कोष |
| ७ | कृष्ण कुमारी वि.क. रम्भा ४ | २०८१/१२/१० | कच्ची घर पूर्ण क्षति | १५००० | प्रकोप व्यवस्थापन कोष |

CamScanner

(बैठक संख्या ७०)

बैठक नं. १२

**निर्णय नं ५**

**रकम भुक्तानी सम्बन्धमा:**

- रम्भा गाउँपालिका वडा नं २ झोकेदी स्थित मंगलादेवी मन्दिरमा रंगरोगन र विजुली वत्ती जडान कार्यको लागि प्राविधिकको लागत इष्टिमेट तथा मूल्याकंनको आधारमा छुटपुट पुंजीगत खर्च शिर्षकबाट भुक्तानी दिने ।
- नेपाल एकिकरणको बिजय यात्रालाई आम नागरिकको बिचमा सूसूचित गराउने साथै गोरखा जितगढी बिजयको सम्झना र सम्मान स्वरुप सुरु भएको नेपाल आर्मीको ऐतिहासिक गोरखा जितगढी पद यात्राको क्रममा नेपाली सेनाको टोली यस रम्भा गाउँपालिकामा मिति २०८१ वैशाख ३ गते बिहान प्रवेश गरेको र उक्त यात्राको क्रममा खाना तथा खाजामा भएको खर्च छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं ६**

**घरवास कार्यक्रम सम्बन्धमा:** नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सुनिश्चितताको लागि गरिबिको रेखामुनी रहेको प्रकोपको कारण वा बसोबास गर्दै आइरहेका घर भत्केको वा विग्रेको कारण बसोबास गर्न अनुचित भई घरवार विहिन भएका घर परिवारहरुको लागि सुरक्षित आवास निर्माण कार्यान्वयन गर्न रम्भा गाउँपालिकाको **घरवास कार्यक्रम संचालन कार्यविधि, २०८१** बमोजिम आ व २०८१/०८२ को स्वीकृत घरवास कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडाबाट कार्यविधिमा उल्लेख भएबमोजिम घरको विवरण उपलब्ध गराउने ।

**निर्णय नं ७**

**प्रस्तावना स्वीकृत सम्बन्धमा:** आदिवासी जनजाति मगर समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा मगर समुदायको भाषा,संस्कार एवं संस्कृतिको संरक्षणको लागि गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम भाषा लिपी संरक्षण शिर्षकमा विनियोजित बजेटको अधिनमा रहि कार्यक्रम संचालन गर्ने गरि मगरात जोङ रम्भा गाउँपालिका ताहुँ पाल्पाले पेश गरेको प्रस्तावना स्वीकृत गर्ने ।

**निर्णय नं ८**

**योजना कार्यान्वयन सम्बन्धमा:** चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समिक्षा गरियो । साथै योजनाहरु यथाशिघ्र सम्पन्न गर्न जोड दिने निर्णय गरियो ।

**निर्णय नं ९**

**वस्ति स्तरमा योजना संकलन सम्बन्धमा:** आ.व. २०८१/०८२ को लागि योजना छनौट गर्ने प्रयोजनार्थ चालु आ.व. को बैशाख मसान्तसम्ममा यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाहरुबाट वस्तिस्तरका योजनाहरु संकलन गरी गाउँ कार्यपालिकामा पठाउने निर्णय गरियो ।

बैठक नं. १२ (बैठक संख्या ७०)

**निर्णय नं १०**

**अनुमोदन सम्बन्धमाः**

- यस गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, सुशासन, योजना तथा समग्र गाउँपालिकाको हरेक विषयसँग सम्बन्धित सवालहरुलाइ आम जनताबिच सम्प्रेषण गरि पारदर्शी गाउँपालिका निर्माण गर्ने उद्देश्यले गाउँपालिका र रेडियो रामपुरबिच भएको सम्झौता अनुमोदन गर्ने ।
- रम्भा गाउँपालिका वडा नं ३ निवासी श्री राम प्रसाद अर्यालको ढुङ्गा माटोले बनेको टिनको छानो भएको एक तले कच्ची गोठ तथा रम्भा गाउँपालिका वडा नं १ निवासी श्री चन्द्रकला बस्यालको गोठमा आगोलागि भइ गाउँपालिकाबाट आर्थिक सहायता प्रदान गरिएको हुदाँ भुक्तानी रकम अनुमोदन गर्ने ।
- लुम्बिनी अपाङ्ग दृष्टिविहीन अनाथ आश्रामलाई मिति २०८१/१२/१९ गते रु १००००। आर्थिक सहायता प्रदान गरिएको हुदाँ उक्त भुक्तानी रकम अनुमोदन गर्ने ।

**निर्णय नं ११**

**विद्युतिय सामाग्री खरिद कार्य अघि बढाउने सम्बन्धमाः** रम्भा गाउँपालिका तथा वडा कार्यालयको स्वीकृत बार्षिक योजना तथा बजेट रु २५००००० (अक्षेरेपि पच्चिस लाख मात्र) को अधिनमा रहि वडा नं २ फोक्सिङकोट,वडा नं ३ पिपलडाँडा र वडा नं ५ ताहुँमा विद्युतिय ट्रान्सफर्मर व्यवस्थापन, गाउँपालिकाका विभिन्न स्थानमा विद्युतिय पोल विस्तार तथा विद्युतिय लाइन विस्तार र विद्युतिय सामाग्री जडान कार्यको लागि G2G खरिद प्रक्रिया अनुसार नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्र मार्फत खरिद कार्य अघि बढाउने ।

**निर्णय नं १२**

**रकम निकासा सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम रम्भा बहुमुखि क्याम्पस शिक्षण अनुदान शिर्षकमा रु ७०००००(अक्षेरेपि सात लाख ) विनियोजन भएको हुदा रम्भा बहुमुखि क्याम्पसको चलानी नं. ५० मिति २०८१/११/१८ को पत्रानुसार निकासा माग भएको रकम रु ६,५०,०००(अक्षेरेपि छ लाख पचास हजार) क्याम्पसको नाममा निकासा गर्ने निर्णय गरियो ।